नेपाल टेलिकम
NEPAL TELECOM

प.सं ०८३।८४
च.नं. प्रे.वि.नं. २७

मिति- २०८३।०७।१०

एनपीएल अनलिमिटेड प्याकेज सम्बन्धी

प्रेस विज्ञप्ति

नेपाल टेलिकमले नेपाल प्रिमियर लिग सिजन-३ (एनपीएल-३) लाई लक्षित गरी 'एनपीएल अनलिमिटेड प्याकेज' सञ्चालनमा ल्याएको छ।

यस अन्तर्गत नेपाल टेलिकमका प्रिपेड तथा पोष्टपेड मोबाइल प्रयोगकर्ताहरुले रु. ५९९ मा उक्त प्याकेज खरिद गर्न सक्नुहुनेछ। यस अन्तर्गत ३३३ मिनेट अल-नेट भ्वाइस कल गर्न सकिने छ भने प्रतिदिन ८ जीबी डाटा उपलब्ध हुनेछ।

आज (२०८३ कात्तिक १०) देखि आगामी २०८३ मंसिर ५ गते सम्म प्याकेज खरिद गर्न सकिने छ। सो प्याकेज चलाउन सकिने समयावधि (Validity) ३० दिनको हुनेछ। पोस्टपेड मोबाइल प्रयोगकर्ताहरुले लिएको प्याकेजको शुल्क मासिक रेन्टल चार्जमै समावेश हुनेछ।

'एनपीएल अनलिमिटेड प्याकेज' प्राप्त गर्नका लागि मोबाइलबाट *1415*9# डायल गर्न सकिने छ। त्यसैगरी नेपाल टेलिकम एपबाट समेत सो प्याकेज खरिद गर्न सकिन्छ।

नेपाल प्रिमियर लिग सिजन-३ (NPL-3) को नेपाल टेलिकम Official Telecom Partner समेत रहेको छ। नेपाली खेलकुद क्षेत्रको विकासका लागि नेपाल टेलिकम सदैव क्रियाशील रहेको छ।

Prakshee

प्रक्षेत थापा क्षेत्री
सह-प्रवक्ता

सूचना तथा प्रकाशन शाखा,
प्रमुख व्यावसायिक अधिकृतको कार्यालय
भद्रकालीप्लाजा, काठमाण्डौं।

नेपाल दूरसंचार कम्पनी लिमिटेड
Nepal Doorsanchar Company Ltd

फोन नं.
ना.प्र.नि : ०१४२१०१०६
प्रवक्ता : ०१४२१०२०४
सह-प्रवक्ता : ०१४२१०२९६
सूचना शाखा : ०१४२१०३०२